Samaj Anweshan **समाज अन्वेषण** Vol. 2, No. 2 : 17 Oct.2024-13Apr. 2025
DOI: https://doi.org/10.3126/anweshan.v2i2.74158
Research Article
ISSN: 3021-9035 Print

# *तामाङका लागि बेग्लै आरक्षणको आवश्यकता*

*निष्णु थिङ*
*nishnuthing@gmail.com*

## *लेखसार*

तामाङ समुदाय लामो सभ्यता बोकेको जाति हो। तामाङहरू नेपालको पुराना आदिवासीमा पर्दछन्। आफ्नो समाज सञ्चालनका लागि सबै प्रकारका सामाजिक व्यवस्थाहरू यस सभ्यतामा पाइन्छ। सभ्यताका दृष्टिले यो जाति समृद्ध छ। राज्यले यो जातिमाथि दमन, शोषण र वहिष्करण गर्दै आएको छ। राज्यको त्यसप्रकारका दमनको विरुद्धमा प्रतिरोध पनि गर्दै आएको यो जातिको स्थिति दलितको भन्दा पनि मुनि छ। राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक दृष्टिले सीमान्तीकरणको मार खेप्दै आएको यो जातिको राज्यमा प्रतिनिधित्व दयनीय छ। समावेशी राज्य बनाउन यो जातिको समावेशीकरण अति नै महत्त्वपूर्ण छ। शताब्दीयौँ वहिष्करणको शिकार भएको यस समुदायलाई राज्यमा समावेशीकरण गराउन आरक्षणको व्यवस्था हुनुपर्दछ। हाल आदिवासी जनजाति समूहअन्तर्गत आरक्षित हुँदै आएको छ। तामाङजत्तिकै जनसङ्ख्या भएका अरू समुदायले आरक्षण पाउँदा यस जातिलाई पनि बेग्लै आरक्षण गरिनुपर्दछ। समानुपातिक समावेशीताको मूल मर्मबमोजिम यस जातिले पनि जनसङ्ख्याको अनुपातमा बेग्लै आरक्षण पाउनुपर्दछ।

## *शब्दकुञ्जी*

दमन, वहिष्करण, समानुपातिक समावेशिता, सामाजिक न्याय, क्षतिपूर्ति ।

## *विषय प्रवेश*

तामाङ नेपालको पाँचौँ ठुलो जनसमुदाय हो। यो यहाँको आदिवासी समूह हो। आफ्नो बेग्लै भाषा, संस्कृति, इतिहास र भूगोलसमेत भएको यो समुदाय नेपालकै प्राचीन जाति हो। आफ्नो अलग्गै सभ्यताको धनी यस जाति नेपालका सबै प्रदेश र जिल्लाहरूमा छरिएर बसोबास गर्छन्। तर पनि यो जातिको मूलथलो हालको बागमती प्रदेश नै हो। यो जाति प्रदेशबाट विश्वभरि फैलिँदै गएको हो। नेपालमा हाल यस जातिको जनसङ्ख्या १६,३९,८६६(५.६२%) जना रहेका छन् (जनगणना, २०७८)। जनकलाल शर्माले रसियन भूगर्भशास्त्री डा. सेटेन्कोले धोबीखोलामा गरेको उत्खननमा फेला पारेका पाषाणकालीन हतियारको सन्दर्भमा लेख्छन्– 'यसबाट यही सिद्ध हुन्छ ईसापूर्व ३००० वर्षभन्दा पहिलेदेखि नै मङ्गोलहरू काठमाडौँ उपत्यकामा उत्तरतिरबाट आएर आवाद भए। हामी सबभन्दा पुराना बासिन्दा हौँ भन्ने तामाङहरूको धारणालाई पनि यसले निकै पुष्टि गर्दछ। रहदाबस्ता तिनै मङ्गोलहरू पछिल्लो कालमा आएर तामाङ, मुर्मी आदि अनेक नामले सम्बोधित हुँदै गए, जो आज पनि उपत्यकालाई चारैतिर घेरेर बसेका पाइन्छन्' (शर्मा, २०७५, पृ. ३९३)। यसबाट तामाङले धोबीखोलामा फेला परेका प्राचीन हतियारहरू प्रयोग गर्दथे। उनीहरू यहाँका प्राचीन जाति हुन् भन्ने प्रमाणित हुन्छ।

## *अध्ययन विधि*

यस विषयमा अनुसन्धान गर्नलाई मूलतः तामाङ जातिमाथि विगतमा राज्यबाट भएका संस्थागत विभेद र वहिष्करणलाई आधार बनाएर हाल उनीहरूको सामाजिक, आर्थिक, राजनीतिक र राज्यमा उपस्थितिलाई विश्लेषण

गरिएको छ । सरकारको निजामती सेवामा आरक्षणको नीति कस्तो छ ? सङ्घीय निजामती सेवा ऐन र प्रादेशिक निजामती सेवा ऐनले आरक्षण कसरी वितरण गरेको छ ? तामाङजस्तै अरू जातीय समूहहरूलाई कसरी आरक्षणको प्रतिशत तोकिएको छ ? त्यसको विस्तृत नीतिगत अध्ययन गरेर तथ्याङ्कको गहिरो विश्लेषण गर्दै अनुसन्धानलाई निष्कर्षमा पुऱ्याइएको छ।

## *वहिष्करणको इतिहास*

तामाङमाथि राज्यको वहिष्करणको लामो इतिहास छ। मूलतः तामाङको भूमि खोसियो, त्यस्तै उनीहरूको स्वशासन पनि खोसियो। गोर्खाली राज्यको जग निर्माणको चरणदेखि यो जातिमाथिको दमनले चर्को रूप लियो। त्योभन्दा अगाडि मल्लकालमा जातव्यवस्था बसाल्ने क्रममा सामाजिक वञ्चितीकरण प्रारम्भ भयो। त्यो सामाजिक वञ्चितीकरण क्रमशः राजनीतिक वहिष्करण र दमनमा परिणत हुँदै गयो। जङ्गबहादुरले राणाले जारी गरेको मुलुकी ऐन १९१० ले तामाङलाई 'मासिन्या मतवाली' दर्जामा राखेर शताब्दीयौँदेखि दमन गर्दै आयो। मासिन्या मतवाली भन्नाले दास बनाउन र मास्न पाउने अर्थ लाग्छ। परशुराम तामाङ लेख्नुहुन्छ– 'मध्यकालमा उपत्यकामा नेवार राज्यहरू थिए र उपत्यका बाहिर तामाङका मुख्खेलीहरू थिए। उपत्यकाका मल्ल राजाहरूले नै पहिलोपटक र गोर्खाका राजा पृथ्वीनारायण शाहले अन्तिम रूपमा तामाङ राज्यहरू विस्थापन गरेका थिए' (तामाङ, २०७५, पृ. १३)। इतिहासमा तामाङका स्वशासित भूगोलहरू खोसिएका थिए। यो जातिमाथिको विभेदबारे सिङमान् तामाङ 'ख्युङबा' ले भनेका छन्– 'इतिहासलाई अध्ययन गर्दा १०४ वर्षीय राणाकालीन राज्यव्यवस्थाले तामाङ जातिलाई शैक्षिक, राजनीतिक, धार्मिक र सामाजिक रूपमै साम, दाम, दण्ड र भेदको नीति अपनाई शरणार्थीसरह बनाएको कालो इतिहासले प्रमाणित गर्छ' (ख्युङबा, २०८५, ३३)। यो जातिलाई राज्यले विगतदेखि दबाउदै आएको प्रमाणित इतिहासले बताउँछ। डा. गणेश योन्जन तामाङको स्वीकारोक्तिअनुसार नेपालको अर्थराजनीतिको दृष्टिकोणले हेर्दा तामाङ जाति केन्द्रीकृत राज्यव्यवस्था र त्यसका तत्कालीन शासकबाट उत्पीडन र थिचोमिचोमा पारिएका रहेछन् (योन्जन, २०६७, पृ. शुभकामना)।

राजेन्द्र महर्जन कान्तिपुर दैनिकमा लेख्दछन्– 'करिब छ सय वर्षको पीडादायी इतिहासले देखाउँछ, राजा र राज्य फेरिए पनि तामाङ समुदायप्रति शासकीय हेराइ र गराइमा खासै फरक आएको छैन' (असोज ५, २०७८)। यो समुदायप्रति राज्यको अहिले पनि उही सनातनी नजर रहेकोमा कुनै द्विविधा छैन। संविधान र कानुनले गणतन्त्र घोषणा गरे पनि राज्यले उही पुरानै चश्माले हेरिरहेको छ। महर्जनले कालो इतिहासको पाना पल्टाउँदै 'यिनै संरचनागत विभेद र शोषणको सम्बन्धले देखाउँछ– आजसम्म पनि तामाङहरू समाजको सबैभन्दा पींधमा रहेको मानिने दलित समुदायको केही तहभन्दा पनि आर्थिक रूपमा किन तल परे ? राज्यबाट तामाङहरूको सीमान्तकरणसँगै उनीहरूको 'ग्रामीण सर्वहाराकरण' को तहसम्म गरिबी तथा व्यापक अशिक्षाको संरचनागत कारण छन् प्रश्नसहित विस्तार गर्छन् (असोज ५, २०७८)। वास्तवमा यो जातिको सामाजिक र मानव विकास सूचकाङ्क निकै कमजोर र तल रहेको छ। तामाङ समुदाय मानव विकास सूचकाङ्कमा दलितभन्दा तलतिर रहेको देखाउँछ (जनगणना २०७८)।

गोर्खा राज्यको जग निर्माणसँगै तामाङहरूलाई सरकारी सेवामा र लाहुर जान वञ्चित गर्दै आए। नेपालको सरकारी सेवामा पिपा गोश्वारा खडा गरियो। भरिया तथा भान्सेको कामबाहेक केही काम गर्न दिएन। सरकारी हाकिमहरूका भारी बोक्दै दैलेख, प्युठान, बागलुङलगायतका पश्चिमका विभिन्न स्थानहरू पुगेका छन्। दरबारमा सामग्री आपूर्ति गर्ने झाराका भरियाहरू बनाए। काठमाडौँका दरबार बनाउन झारामा काममा लगाए। लामो समय आर्थिक शोषणमा राखेर उनीहरूका भूमि सेनालाई जागिर र बिर्तामा दिए। उनीहरूका किपट पनि राज्यले खोसे। यिनीहरूलाई लाहुर जान पनि दिइएन। नेपालका अरू आदिवासी लाहुरे भएर आर्थिकोपार्जन गरेर आर्थिक रूपमा अगाडि बढे। तर आर्थिक र सांस्कृतिक शोषणको जाँतोमा यस जातिलाई पिसिरहे।

## *समावेशीकरणको सैद्धान्तिक अवधारणा*

समावेशीकरणको आवाज विश्वव्यापी रूपमा उठ्दै आएको छ। जब कुनै एक जातजाति र समूहको मात्रै राज्यमा आधिपत्य रहन्छ र बहुसङ्ख्यक, वहिष्कृत र अल्पसङ्ख्यक समुदायलाई पनि सामाजिक न्याय सुनिश्चित गर्दै राज्यमा मूलप्रवाहीकरण गराउनलाई समावेशीकरणको अवधारणा आएको हो। डा. हर्क गुरुङले यसबारेमा प्रकाश पार्दै भनेका छन्– 'सकारात्मक विभेद वा आरक्षणको माग अवसरको समानताको लागि हो। नेपालको सन्दर्भमा भने आरक्षणको आवश्यकता भनेको विकृत परिस्थितिलाई परिवर्तन गर्नाका लागि हो। सो परिस्थिति भनेको राजनैतिक, आर्थिकलगायत प्रशासनिक तथा शैक्षिक क्षेत्रमा विशेष जातीय समूहको आधिपत्य हो' (गुरुङ, २००४, पृ.४३७–३८)। नेपाल राज्यमा यति बेला खसआर्यको हरेक क्षेत्रमा चाहिनेभन्दा बढी नै वर्चश्व छ। एउटै समूहको अधिक वर्चश्वलाई मत्थर नगरी अरूले अवसर नपाउने भएकाले समावेशी राज्य बनाउन आरक्षणको आवश्यकता रहेको गुरुङ तर्क छ।

## *के हो आरक्षण ?*

आरक्षणको नीतिलाई सकारात्मक विभेदका रूपमा पनि परिभाषित गरिएको पाइन्छ। प्रो. अश्विनी देशपाण्डे लेख्नुहुन्छ– 'समग्रमा भन्नुपर्दा सकारात्मक विभेद एक यस्तो विभेद विरुद्धको उपाय हो, जसले समाजका महत्त्वपूर्ण स्थानहरूमा विभेदमा पारिएका समूहहरूको पहुँचका लागि कार्य गर्दछ; जो समूह कि त वहिष्करणमा पारिदै आएको छ या त उनीहरूको त्यस्ता महत्त्वपूर्ण स्थानहरूमा न्यून प्रतिनिधित्व रहेको हुन्छ' (पाण्डे, २०१६, पृ. ५७)। अमब्रोज पिन्टोका अनुसार 'आरक्षणका नीतिहरू हाम्रा प्राज्ञहरू, राजनीतिक नेताहरू र नीति निर्माताहरूका माझमा अङ्क निर्धारण गर्न नभएर हाम्रा सामाजिक–आर्थिक समानता र न्यायको सम्बोधन गर्न हुन्' (पिन्टो, २०१६, पृ. ७५)। त्यसै गरी अर्का लेखक मुलचन्द एस.रानाका अनुसार 'आरक्षण एक यस्तो सुरक्षात्मक विभेदको संयन्त्र हो, जुन सामाजिक नीतिका रूपमा परम्परागत तिरस्कृत/वहिष्कृत समाजको समूह हो, जसको सहभागिताको लागि राज्यले संविधानमै चुनाव, रोजगार र शैक्षिक संस्थाहरूमा व्यवस्था गरेको निश्चित कोटा हो' (राना, २००८, पृ. १)। मार्क ग्यालेण्टरका अनुसार '...वर्तमानको गैरभेदभावपूर्ण मान्यताले विगतको भेदभावले जकडिएको प्रभावलाई भत्काउन र मेटाउन अपर्याप्त हुन्छ। त्यसैले हामी भेदभावको अवशेष विरुद्ध लड्न र संरचनागत व्यवस्था हटाउन सकारात्मक विभेद नीति कार्य अपनाउछौँ; जसले विगतका छनौटका प्रभाव स्मरणयोग्य बनाउन मदत गर्छ' (ग्यालेण्टर, २०१६, पृ. १८)।

समावेशीकरण र आरक्षणको अवधारणा आधुनिक राज्य निर्माणका सिलसिलामा राज्यविस्तार, शक्ति कब्जा र दमन, स्रोतसाधनको नीजीकरण वा पारिवारिकरण र जातकरण, कानुन तथा नीति निर्माणको माध्यमले विभिन्न जातजाति, समूह, क्षेत्र, लिङ्ग, भाषा, संस्कृतिमाथि विभेद भयो। राज्यले नियतवश सीमान्तकरण गरेका त्यसप्रकारका सामाजिक र मानव समूहलाई उनीहरूको मानव अधिकार र अस्तित्वलाई लोकतान्त्रिक व्यवस्थाले सम्बोधन गर्नुपर्ने माग क्रमशः उठ्दै जाँदा इतिहासले अन्याय गरेका र विगतमा भेदभाव खेपेका समूहहरूलाई सामाजिक न्याय दिनुपर्ने हुन्छ। उनीहरूलाई न्याय दिनका लागि समावेशिकरण अङ्गीकरण गर्ने गरिन्छ। विश्वव्यापी समावेशी लोकतन्त्रको जगमा समावेशीकरणको मुद्दा र अवधारणा अगाडि आएको हो। शक्तिको होडबाजीमा पिल्सिएका, उत्पीडित भएका र राज्यमा एकथरि अनुहारको निरन्तर प्रवेश र अर्काथरिको निरन्तर वहिष्करणले कालान्तरमा राज्यसत्ता एउटै प्रजातिका मान्छेको भीडमा परिणत हुन पुग्यो। त्यसैले समावेशीकरणको सिद्धान्त र आरक्षणको विधिबाट यो असमावेशीताको समस्या र एकल जातीय चरित्रलाई अन्त गरी बहुजातीय फूलबारी बनाउने विधि हो । यो समस्यालाई समाधान गर्ने विधि र अभ्यास भएन भने एक जातको फूलबारीमाथि सदैव मूलप्रवाहीकरणबाट छुटेका सामाजिक समूहहरूको आक्रमण भइरहने र त्यसको त्रास मूलधारलाई रहिरहने हुन्छ। तसर्थ दुवैतिरको असुरक्षालाई यसले सम्बोधन गर्न सक्छ। यो विधिले यो देश मेरो पनि हो र यो देश बनाउने दायित्व मैले पनि निभाउनुपर्छ भन्ने आत्माबोध र स्वामित्वबोध जगाउँछ। मूलतः देशप्रतिको स्वामित्व

निर्माण र महसुस गराउँछ।

### *आरक्षण दान हो कि हक ?*

श्याम मैनालीले लेखेअनुसार 'समावेशीकरणको मुख्य सिद्धान्त भनेकै सबै नागरिकहरूले प्राप्त गरिराखेका समानताको अधिकारमा समभदारी गरेर अत्यावश्यक वर्गलाई सक्षम वर्गले सहयोग गर्नु हो। यसको अवधि किटान हुनुपर्छ। लामो अवधिका लागि कसैले आफ्नो हिस्साबाट योगदान गर्न सक्दैन' (मैनाली, २०७५, पुष १३)। नेपाल सरकारको पूर्व सचिवको यो कथनले आरक्षणलाई आफ्नो हिस्सा काटेर दिने ठान्दछन्। आरक्षणबारे वर्चश्वशाली र लाभग्राही समुदायबिच फरकफरक धारणा रहेको पाइन्छ। वर्चश्वशालीले यसलाई दानका रूपमा व्याख्या गर्छन् भने लाभग्राहीले यसलाई हकका रूपमा बुझ्छन्। यसै सन्दर्भमा मैनालीले दानका रूपमा व्याख्या गर्न खोजेका छन्। आरक्षणलाई सम्भ्रान्त र वर्चश्वशालीको दानको रूपमा यसलाई परिभाषित गरेको छ तर न्यायाधीश चेनप्पा रेड्डीले कर्नाटकको सर्वोच्च अदालतमा व्याख्या गरेअनुसार 'सामाजिक रूपमा पछि परेका समूह, समुदायलाई सहयोग चाहिन्छ..ती आवश्यकताहरू उनीहरूका माग हुन्। ती मागहरू उनीहरूका अधिकार हुन् नकि दान, त्यसैले उनीहरूले हक मागेका हुन् दान होइनन्' (रेड्डी, २००८,पृ. २०)। आरक्षण दान हो कि हक हो भन्ने भारतमा पनि वहस चलेको देखिन्छन्। नेपालका सम्भ्रान्तहरूले यसलाई दानको रूपमा परिभाषित गरेको देख्दा उदेक लाग्छ। मुलचन्द एस.रानाका अनुसार 'आरक्षण दान होइन बरु यो त हक हो। यो दान होइन, समुदायहरूमाथि सदियौँ पुराना अन्यायको क्षतिपूर्ति हो। यो त हक हो, असमानतालाई समानतामा ल्याउन गरिने प्रयास हो' (राना, २००८, पृ.३०)। दीपेश घिमिरे लेख्छन्– 'समावेशीकरण आफैँमा सङ्कुचित पनि होइन र यो कुनै समुदाय विरुद्ध लक्षित पनि होइन, यो त समानतामा आधारित सिद्धान्त हो। अर्को शब्दमा भन्नपुर्दा उपेक्षित समुदायलाई कोटा वा आरक्षणका माध्यमले थप सुविधा दिएर न्याय दिलाउनु नै सकारात्मक विभेद वा समावेशीकरण हो' (घिमिरे, २०७४, पृ. ६६–६७)। राहुल फाउण्डेसनले प्रकाशित गरेको आवहान पुस्तिका–२ मा लेखिएअनुसार 'यह सभी सवाल उठाने के पीछे जो हमारा मूल मन्तव्य है, वह आप समझ चुके होंगे। सच्चाई यह है कि आरक्षण के विरोध की वर्तमान लहर के पीछे (पहले की तरह) मूलतः और मुख्यतः योग्यता, न्याय और राष्ट्रहित की कोई चिन्ता नहीं बल्कि सदियों पुराने, गहरे, दलित और पिछडा विरोधी जातिगत पूर्वाग्राहों, घृणा और प्रतिक्रियावादी संस्कारों की अहम भूमिका हैं' (२०१७, पृ.९)। अहिले वर्चश्वशाली वर्गले आरक्षणमाथि योग्यताको प्रश्न उठाएको छ। वास्तवमा आरक्षणको प्रत्यक्ष विरोध गर्न नसकेर गरिएको विरोध नै हो। डा.मुक्तसिंह लामाको तर्कमा– 'सकारात्मक कदमलाई विशेष उपायहरू पनि भनिन्छ र यसको उद्देश्य सामाजिक र धार्मिक दृष्टिले पछाडि परेका जातजाति र नश्लीय समूहहरूले सामाजिक विकासको लाभ लिन सकून् भनेर शिक्षा, रोजगारी, स्वास्थ्य र सार्वजनिक संस्थानहरूमा सार्थक प्रतिनिधित्वका लागि उनीहरूलाई आरक्षण दिनु हो। सामाजिक र आर्थिक समानताबाहेक सकारात्मक कदमले फरक संस्कृति र जीवनशैली तथा सांस्कृतिक विविधताको सम्मान र संवर्द्धनलाई पनि जोड दिन्छ' (लामा, सन् २०१३, पृ. ८१–८२)।

सकारात्मक विभेद र आरक्षणले समाजमा रहेका विविधताको व्यवस्थापन गर्ने काम गर्छ। बहुसांस्कृतिक समाजमा यसले समाजमा हुने द्वन्द्वलाई न्युनीकरण गरेर समाज जोड्ने काम गर्दछ। आपसमा सहिष्णुता र सम्मानको वातावरण बनाउन मदत पुऱ्याउँछ।

### *समावेशीकरणको कसीमा तामाङ*

नेपाल बहुजातीय र बहुसांस्कृतिक देश रहे पनि राज्य भने एकल जातीय बनायो। लामो कालखण्डसम्म एकल जातीय वर्चश्व रहिरह्यो। तर प्रजातन्त्रसहित बहुदलीय व्यवस्था २०४६ मा पुनर्बहाली भएपछि समावेशीकरणको आवाज उठ्न थाले। दलहरू नेपाली कङ्ग्रेस, वामपन्थी पार्टीहरूले विभिन्न जातीय सङ्गठनलाई सो आन्दोलनमा सघाउन आवाहन गरेका थिए। बहुदल आएपछि उनीहरूका समस्याको पनि सम्बोधन गर्ने वाचा गरेका थिए। पञ्चायत

ढलेर बहुदल आए पनि समावेशीकरणको मुद्धा सम्बोधन गरेन। पञ्चायत विरोधी आन्दोलनमा तामाङहरू कङ्ग्रेस र कम्युनिस्टमा आबद्ध भएर लडे। तामाङ सङ्घसंस्थाहरू पनि आफ्नो ब्यानर लिएर २०४६ आन्दोलनमा भिडेका थिए। त्यसपछि माओवादी आन्दोलन चर्कियो। माओवादी आन्दोलनले अरूलाई जस्तै तामाङलाई पनि ताम्सालिङको सपना देखायो। त्यो आन्दोलनमा पनि थुप्रै तामाङहरूले सहादत प्राप्त गरे। दोस्रो जनआन्दोलनमा पनि ललितपुरमा अनिल लामा सहिद भए। दोस्रो जनआन्दोलनले सफलता प्राप्त गरेपछि नेपालमा समावेशीकरणको नीति लागु गर्ने प्रयास भयो। अन्तरिम संविधान–२०६३ जारी भयो। मुलुकले समावेशीकरणलाई अङ्गीकार गऱ्यो। निजामती सेवा ऐन– २०४९ संशोधन भएर निजामती सेवा ऐन– २०६४ जारी भयो। इतिहासमै पहिलोपटक निजामती सेवा र राजनीतिक वृत्त संविधानसभामा (संसद्) समावेशीकरण स्वीकार्दै आरक्षण र समानुपातिक निर्वाचन प्रणाली कार्यान्वयन भयो। पहिलो संविधानसभामा तामाङहरूको १६ जना सदस्यहरू पुगेका थिए। आठ जना प्रत्यक्ष र आठ जना समानुपातिकबाट थिए। अमृत योन्जन– 'तामाङले तयार पारेको तालिका अध्ययन गर्दा पहिलो संविधानसभामा २.६६% तामाङ थिए। उनको विश्लेषणमा त्यो सङ्ख्याका आधारमा आधा मात्र प्रतिनिधित्व थियो (तामाङ, २०६७, पृ. ३१)। त्यसपछिका दोस्रो संविधानसभा (२०७०–०७४) मा १४ जना (२.३२%) र संविधान जारी भएपछि पहिलो प्रतिनिधिसभाको निर्वाचनमा (२०७४–०७९) मा छ जना (२.१८%) प्रतिनिधित्व भएका थिए (तामाङ, २०७६, पृ.१२)।

निजामती सेवामा २०६४ सालदेखि आरक्षण लागु भयो, जसमा कुल विज्ञापनको ४५% आरक्षणको लागि छुट्याइएकोमा विभिन्न समूहहरूलाई निश्चित प्रतिशत आरक्षण दिन थालियो, जसमा आदिवासी जनजाति समूहलाई २७% आरक्षण दिइयो। तामाङहरूले त्यही समूहबाट निजामती सेवामा सहभागिता जनाउँदै आएको छ। उक्त आदिवासी जनजाति समूहमा ५९ ओटा जातीय समूहहरू पर्दछन्। आरक्षण सुरु भएदेखि अहिलेसम्म ठ्याक्कै कति जना तामाङ निजामती सेवामा सिफारिस भए ? त्यसको तथ्याङ्क राज्यसँग छैन। राज्यले सोलोडोलो तथ्याङ्कभन्दा बेग्लाबेग्लै खण्डीकृत तथ्याङ्क राख्नुपर्छ। त्यो विश्लेषण गर्न सजिलो हुन्छ।

## *प्रस्तावित निजामती सेवा विधेयक*

संविधान जारी भएपछि नयाँ र सङ्घीय लोकतान्त्रिक सन्दर्भमा नयाँ निजामती सेवा ऐनको आवश्यकता छ। अहिले सातओटा प्रादेशिक सरकारहरू छन्। ती प्रदेशले पनि आआफ्नै प्रदेश निजामती सेवा ऐन बनाएका छन्। अहिले सङ्घीय संसद्मा प्रस्तावित निजामती विधेयक विचाराधीन छ। प्रस्तावित सङ्घीय निजामती सेवा विधेयकमा कुल विज्ञापन सङ्ख्याको ४५% छुट्याएर पुनः त्यसलाई शतप्रतिशत मानेर महिला ३३%, आदिवासी जनजाति २४%, मधेसी २०%, दलित ९%, थारू ४%, मुस्लिम ३%, पिछडिएको क्षेत्र ४% र अपाङ्गता ३% का दरले विभाजन गरेको छ (नेपाल सरकार, २०८०, पृ.१०)।

हाल सातोटै प्रदेशले आफ्नो प्रदेश निजामती सेवा ऐन बनाएर कार्यान्वयनमा ल्याएको छ। ती सबै प्रदेशले पनि विभिन्न तरिकाले निजामती सेवा ऐनमा आरक्षणका प्रतिशत किटान गरेका छन्। त्यो तपसिलका तालिकामा प्रस्तुत गरिएको छ–

## *मधेस प्रदेश*

यस प्रदेशले अरू प्रदेशभन्दा सबैभन्दा अगाडि प्रदेश निजामती सेवा ऐन बनाएको छ। प्रदेश राजपत्रमा २०७७ साल माघ २८ गते यो ऐन प्रकाशित गरी लागु गरेको छ। यस ऐनले दफा ९ को उपदफा ८ मा कुल सङ्ख्याबाट ४९% आरक्षणको लागि छुट्याई त्यसलाई पुनः शतप्रतिशत मानेर यसप्रकार बाँडफाँड गरिएको छ–

| | | |
|---|---|---|
| क | मधेसी | ५४% |
| ख | दलित | १७% |
| ग | मुस्लिम | १२% |
| घ | आदिवासी जनजाति | ६% |

| | | |
|---|---|---|
| ङ | थारू | ५% |
| च | आर्थिक रूपले विपन्न खसआर्य | ४% |
| छ | अपाङ्ग | २% |

## बागमती प्रदेश

यो प्रदेशले फाल्गुण १८ गते २०७९ सालमा प्रदेश राजपत्रमा प्रकाशित गरी प्रदेश निजामती ऐन लागु गरेको छ। दफा १० मा पदपूर्तिसम्बन्धी विशेष व्यवस्था गरेको छ। प्रदेश निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये ४५% छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानेर आरक्षण विभाजन गरिएको छ–

| | | |
|---|---|---|
| क | महिला | ३८% |
| ख | आदिवासी जनजाति | ३५% |
| ग | दलित | ९% |
| घ | थारू | ५% |
| ङ | मधेसी | ४% |
| च | अपाङ्गता | ३% |

## लुम्बिनी प्रदेश

यस प्रदेशले निजामती सेवा ऐन,२०८० मङ्सिर २१ गते राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेश निजामती सेवालाई समावेशी बनाउन कुल सङ्ख्यामा ४९% छुट्याएर निम्नबमोजिम बाँडफाँड गरेको छ–

| क्र.स. | समूह | जम्मा प्रतिशत | महिला | पुरुष | यौनिक र लैङ्गिक अल्पसङ्ख्यक |
|---|---|---|---|---|---|
| १ | खस आर्य महिला | १५ | १५ | | |
| २ | आदिवासी जनजाति | १८ | ९ | ९ | |
| ३ | मधेसी | १६ | ८ | ८ | |
| ४ | दलित (पहाडी र मधेसी) | १५ | ८ | ७ | |
| ५ | थारू | १४ | ७ | ७ | |
| ६ | विपन्न खसआर्य | ७ | ३.५ | ३.५ | |
| ७ | मुस्लिम | ७ | ३.५ | ३.५ | |
| ८ | अपाङ्गता | ३ | १.५ | १.५ | |
| ९ | पिछडिएको वर्ग/क्षेत्र, सीमान्तकृत, यौनिक र लैङ्गिक अल्पसङ्ख्यक | | | | १ प्रतिशत |

| | | |
|---|---|---|
| छ | पिछडिएको क्षेत्र | ३% |
| ज | अल्पसङ्ख्यक समुदाय | ३% |

## गण्डकी प्रदेश

यस प्रदेशले प्रदेश निजामती सेवा ऐन राजपत्रमा फाल्गुण १८ गते २०७९ प्रकाशित गरी कार्यान्वयनमा ल्याएको छ। दफा १० मा पदपूर्तिसम्बन्धी विशेष व्यवस्था छ। कुल सङ्ख्यामा ४५% छुट्याएर त्यसैलाई शतप्रतिशत मानेर निम्नबमोजिम विभाजन गरेको छ–

| | | |
|---|---|---|
| क | महिला | ३३% |
| ख | आदिवासी जनजाति | २७% |
| ग | दलित | १५% |
| घ | आर्थिक रूपले विपन्न खसआय | १०% |
| ङ | अपाङ्गता | ५% |
| च | थारू | ४% |
| छ | मुस्लिम | ३% |
| ज | मधेसी | ३% |

### *कोसी प्रदेश*

यस प्रदेशले निजामती सेवा ऐन फाल्गुण १५ गते २०७९ सालमा राजपत्रमा प्रकाशित गरी लागु गरेको छ। अहिले यो निजामती सेवा ऐन– २०७९ को पहिलो संशोधन भएर २०८० पारित भएको छ। यो ऐनबमोजिम निम्न तरिकाले समावेशीकरणका लागि कानुन बनाइएको छ। कुल सङ्ख्याको ४५% आरक्षणको लागि छुट्याएर त्यसलाई पुनः शत्प्रतिशत मानेर विभिन्न समूहहरूलाई यसरी वितरण गरिएको छ–

| | | |
|---|---|---|
| क | आदिवासी जनजाति | ३५% |
| ख | महिला | ३३% |
| ग | दलित | ६% |
| घ | आर्थिक रूपले विपन्न खसआर्य | ६% |
| ङ | थारू | ६% |
| च | मधेसी | ५% |
| छ | मुस्लिम | ५% |
| ज | अपाङ्गता | ४% |

### *कर्णाली प्रदेश*

यस प्रदेशले असोज २९ गते, २०८० मा राजपत्रमा प्रदेश निजामती सेवा ऐन प्रकाशित गरेर कार्यान्वयमा ल्याएको छ। प्रदेश निजामती सेवालाई समावेशी बनाउन कुल सङ्ख्यामा ४५% छुट्याएर पुनः त्यसैलाई शत्प्रतिशत मानेर प्रत्येक समूहमा ३३% महिलालाई विभाजन गरेर यसप्रकार बाँडफाँड गरिएको छ–

| | | |
|---|---|---|
| क | खसआर्य | ४५% |
| ख | दलित | २२% |
| ग | आदिवासी जनजाति | १२% |
| घ | पिछडिएको क्षेत्र | १२% |
| ङ | अपाङ्गता | ५% |
| च | मधेशी तथा मुस्लिम | २% |
| ज | थारू | २% |

### *सुदूरपश्चिम प्रदेश*

यो प्रदेशले निजामती सेवा ऐन भाद्र ३१ गते २०७९ मा राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याएको छ। कुल विज्ञापन सङ्ख्याको ४५% छुट्याई त्यसैलाई शतप्रतिशत मानेर निम्नबमोजिम विभाजन गरेको छ–

| | | |
|---|---|---|
| क | महिला | ३३% |
| ख | दलित | १४% |
| ग | थारू/रानाथारू | १३% |
| घ | आर्थिक रूपले विपन्न खसआर्य | ११% |
| च | पिछडिएको क्षेत्र | १०% |
| छ | अपाङ्गता | ४% |
| ज | मधेसी | ३% |
| झ | मुस्लिम | २% |

### *निष्कर्ष*

माथि प्रस्तावित सङ्घीय निजामती सेवा ऐन र सबै प्रदेशले निर्माण गरेका ऐनहरूमा थारू, मुस्लिम, मधेसी र दलितलाई आरक्षणको व्यवस्था गरेको छ। अहिलेसम्म राज्यमा वर्चश्व कायम गर्दै आएको खसआर्यलाई समेत आरक्षण दिइएको छ। खसआर्यलाई प्रतिनिधिसभा र राष्ट्रियसभामा ३१.२% प्रतिनिधित्व गराउदै आएको छ। नेपालमा तामाङ समुदायको स्थिति दलितको भन्दा तल रहेको सरकारको तथ्याङ्कले बताइसकेको अवस्थामा यस समुदायलाई किन बेग्लै आरक्षण दिन नपर्ने हो ? आरक्षणका लागि कुनै पनि समूहको राज्यबाट संस्थागत ऐतिहासिक विभेद, राजनीतिक दमन, वहिष्करण र विद्यमान राज्यसत्तामा न्यून वा झिनो उपस्थितिलाई आधार मानिदै आएको छ। यी सबै पीडाहरू खेपेका र थारू र मुस्लिमको हाराहारीमा जनसङ्ख्या भएको तामाङ समुदायले अझैसम्म बेग्लै आरक्षण नपाउनु कसरी न्यायिक मात्र सकिन्छ ? तामाङ जस्तो ठुला जनसमुदायलाई बेग्लै आरक्षणको व्यवस्था नगर्दा आदिवासी जनजाति समूहमा सानासाना समूहहरू छन्, तिनीहरूको हिस्सामा अतिक्रमण भएर तिनीहरूका भाग खोसिने प्रबल सम्भावना हुन्छ। यदि त्यस्तो परिस्थिति

आयो भने तिनीहरूमाथि झनै अन्याय हुन जान्छ। विभिन्न संवैधानिक आयोगहरूको संयुक्त अध्ययन प्रतिवेदनमा, १% भन्दा बढी जनसङ्ख्या भएका मगर, थारू, तामाङ, नेवार, राई, गुरुङ र लिम्बुलगायत आदिवासीका लागि जनसङ्ख्याको अनुपात र त्यसभन्दा कम जनसङ्ख्या हुनेहरूको लागि बाँकी सिट सोहीबमोजिम आरक्षण तोकिनुपर्ने सिफारिस गरिएको छ। यसमा खुलेर तामाङलगायत अरू जसको जनसङ्ख्या जति छ, त्यति नै आरक्षण दिनुपर्ने सरकारलाई सिफारिस गरिएको छ। अहिलेसम्म तामाङ समुदायलाई बेग्लै आरक्षण नदिँदा यो जातिले अन्याय भएको अनुभूति गरिरहेको छ। नेपालमा आरक्षण लागु भएको १६ वर्षसम्मको तथ्याङ्क विश्लेषण गर्दा यो जातिले आदिवासी जनजाति समूहबाट प्रतिनिधित्व गर्दै हालसम्म सरदर १% मात्रै लोकसेवा आयोगबाट सिफारिस भएको देखिन्छ। यो हिस्सा यो जातिको जनसङ्ख्याको अनुपातमा निकै न्यून हो। उन्नत समूहमा सूचीकृत आदिवासी जनजातिका समूहले सबैभन्दा बढी हिस्सा उपयोग गर्दै आएको छ। त्यसो हुँदा तामाङ जातिको हिस्सा दोहनमा पर्न गएको छ। आफ्नो जातीय जनसङ्ख्याको आधारमा पाउनुपर्ने हिस्साबाट वञ्चित हुनु पनि नयाँ प्रकारको बहिष्करण हो। जुनसुकै बहाना गरेर अब पनि तामाङलाई बेग्लै आरक्षण नदिनु भनेको राज्यले सशक्त प्रतिरोधसहितको विद्रोहलाई निम्त्याउनु हो।

## सन्दर्भ सामग्रीहरू


गुरुङ, हर्क (२००४). *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन.* (सं. मेरी डेशन र प्रत्युष वन्त). काठमाडौँ : हिमाल किताब।

ग्यालेण्टर, मार्क (सन् २०१६). *नेपालका लागि सकारात्मक विभेदको नीति प्राज्ञिक बहस.* ललितपुर : समता फाउण्डेशन।

घिमिरे, दिपेश (२०७४). *नेपालमा स्थानीय शासनः अवधारणा र अभ्यास.* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि.।

तामाङ, अमृत योन्जन (२०७६). *राजनीतिमा तामाङ.* (सं. निष्णु थिङ). काठमाडौँ : कर्तव्य फाउण्डेशन।

तामाङ, गणेश योन्जन (२०६७). *लोकतन्त्रमा तामाङ पहिचानका सन्दर्भहरू.* टोकिया : तामाङ समाज।

तामाङ, परशुराम (२०७५). *तामाङ जाति.* ( दोस्रो संस्करण ) काठमाडौँ : शैलुङ बुक्स प्रा.लि.।

तामाङ, सिङमान 'ख्युङबा' (२०६८). *तामाङ जाति इतिहासदेखि वर्तमानसम्म.* ( चौथो संस्करण). ललितपुर : बरुण तामाङ 'ख्युङबा'।

नेपाल सरकार (२०७२). *नेपालको संविधान– २०७२.* काठमाडौँः कानून किताब व्यवस्था समिति।

नेपाल सरकार (२०६८). 'मानव विकास सूचकांक प्रतिवेदन'. काठमाडौँ : तथ्याङ्क विभाग।

नेपाल सरकार (२०७५). *प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन–२०७४.* काठमाडौँ : कानून किताब व्यवस्था समिति।

पाण्डे, अश्विनी (सन् २०१६). *नेपालका लागि सकारात्मक विभेदको नीति प्राज्ञिक बहस.* ललितपुरः समता फाउण्डेशन।

पिन्टो, अम्ब्रोज (सन् २०१०). *इन सर्च अफ इन्क्लुसिभ पोलिसीः एड्रेसिङ तहगत असमानता.* (सं. सुखदेव थोराट र नरेन्द्र कुमार). नयाँ दिल्लीः रावत पब्लिकेशन्स्।

महर्जन, राजेन्द्र (२०७८). 'वहिष्करण र प्रतिरोधको काइतेन'. कान्तिपुर दैनिक. असोज ५।

राना, मुलचन्द एस. (सन् २००८). *रिजर्भेशन इन इन्डिया मिथ्स एण्ड रियालिटिज.* न्यू दिल्ली : कन्सेप्ट पब्लिशिङ कम्पनि।

– – –(सन् २००८). *रिजर्भेशन इन इन्डिया मिथ्स एण्ड रियालिटिज.* न्यू दिल्ली : कन्सेप्ट पब्लिशिङ कम्पनि।

लामा, मुक्ता सिंह (सन् २०१३). *असमानता र सकारात्मक कदम विश्वव्यापी बहसमा नेपाल.* काठमाडौँ : हिमाल किताब।

शर्मा, जनकलाल (२०७५). *हाम्रो समाज एक अध्ययन.* ( पाँचौ संस्करण). काठमाडौँ : मन्जरी पब्लिकेशन।